नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

(ग्रमिण विकास समन्वय शाखा)

सिंहदरवार, काठमाडौं

फोन: 4200511, 4200308

इमेल: lbss_mid@yahoo.com

पत्र संख्या:- २०७३।०७४

चलानी नं.:- २.११.(२०)

मितिः- २०७३/११/२३

विषयः जिल्ला परिषद्को बैठक सम्बन्धमा ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सबै (७५ वटै) ।

प्रस्तुत विषयमा, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १८५(३) बमोजिम प्रत्येक वर्ष जिल्ला परिषद्को बैठक सामान्यतया फागुन मसान्तभित्र गर्नु पर्ने उल्लेख भएकोमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३/११/०९ को निर्णयबाट आगामी २०७४ बैशाख ३१ गते सम्पन्न गर्ने गरी स्थानीय तहको निर्वाचन घोषणा भैसकेको सन्दर्भमा २०७३ फागुन २४ गते अगाडि जिल्ला परिषद् बैठक सम्पन्न गर्ने गरी मिति नतोक्न भनि यस मन्त्रालयको मिति २०७३/११/१० च.नं. ६९५ को पत्र प्राप्त गर्नु भई व्यहोरा अवगत भएकैछ ।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३/११/२२ को निर्णयबाट स्थानीय तह गठन गरी कार्यान्वयनमा ल्याउने निर्णय भएको सन्दर्भमा आगामी आर्थिक बर्षको लागि जिल्ला परिषद सम्बन्धी कुनैपनि काम कार्वाही र निर्णय नगर्न नगराउन निर्णयानुसार अनुरोध गरिन्छ ।

२०७३।११।२३

(डाल विक्रम कँडेल)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा विद्युतीय शासन शाखाः मन्त्रालयको website मा राखिदिने व्यवस्था हुन अनुरोध छ ।